## श्री मोरङ जिल्ला अदालतमा पेश गरेको
## फिराद-**पत्र**

जिल्ला मोरङ ववियाविर्ता गा.वि.स. वडा नं.७ हाल परिवर्तित रगँली न.पा. वडा नं.०३ स्थायी बासस्थान भई हाल जिल्ला सुनसरी इटहरी उपमहानगरपालिका वडा नं.१ हाँसपोसा बस्ने रामचन्द्र पाठक र निर्मला प्रसाईको छोरा वर्ष ७ को जेनिश पाठकको हकमा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २६७ बमोजिम अनुमति लिई आमा निर्मला प्रसाई( मो.नं. )..........१ — फिरादकर्ता वादी

विरुद्ध

जिल्ला मोरङ्ग बिराटनगर महानगरपालिका वडा नं....मा रहेको नोवेल मेडिकल कलेज.............................................................१
ऐ.ऐ.मेडिकल कलेजको अख्तियार प्राप्त सन्चालक डा.सुनिल शर्मा...१
ऐ.ऐ.अस्पतालमा कार्यरत चिकित्सक कविराज बास्तोला..............१.
ऐ.ऐ.अस्पतालमै कार्यरत चिकित्सक प्रज्वल श्रेष्ठ.......................१

— विपक्षी प्रतिवादी

### मुद्दा : क्षतिपुर्ति सहितको न्याय दिलाई पाउँ ।

(१) म फिरादी देहाय बमोजिमको प्रकरणहरुमा लेखिए बमोजिम फिराद गर्दछु ।

(क)उपरोक्त विषयको सम्बन्धमा म फिरादीको छोरा जेनिश पाठकको नाक भित्र माशु पलाएकोमा म फिरादी वादी विराटनगर स्थित नोबेल मेडिकल कलेज

अस्पतालमा उपचारका लागी जाँदा अस्पतालका चिकित्सक प्रज्वल श्रेष्ठ र कविराज बास्तोलाले नाकको अप्रेशन गर्नु पर्ने बताएपछि म वादी छोरा जेनिश पाठकलाई मिति २०८२।०८।०४ गते अस्पताल लगेको थिएं । नाकको अप्रेशनका लागी भनी ऐ.अस्पतालमा विल काटि लाग्ने दस्तुर तथा अप्रेशन चार्ज समेत बुझाएको थिएं ।

(ख) म वादीको छोरा जेनिश पाठकको मिति २०८२।०८।०५ गते नाकको अप्रेशन गर्ने क्रममा सो समयमा कार्यरत प्रतिवादी चिकित्सक द्धयले नाकको अप्रेशनको क्रममा प्रदान गरेको स्वास्थ्य सेवा गलत एवं लापरवाही पुर्वक नाकको शल्यक्रिया सकुशल रहेको आखाको हेर्ने दृष्टिमा प्रतिकुल असर पुर्याई गभ्मिर खतरा उत्पन्न गराई आखाको रोशनी(दृष्टि) क्षिण गराई गभ्मिर खतरा उत्पन्न गरी मिति २०८२।०८।०५ गते बिराटनगर स्थित रानी आँखा अस्पतालमा रिफर गरेकोमा उक्त रानी आँखा अस्पतालले आँखाको रोशनी (दृष्टि) पुनः आउन नसक्ने भनी जवाफ दिएकाले काठमाण्डौ स्थित तिल गगाँ आँखा अस्पतालमा लगी उपचार गराँउदा पनि विपक्षीहरुले गलत एवं लापरवाहीपुर्वक गरेको नाकको शल्यक्रियाबाट उत्पन्न छोराको आँखाको हेर्ने दृष्टिनै गुम्न गएकोले विपक्षीहरुको उक्त कार्य मुलुकी देवानी संहिता,२०७४ को परिच्छेद १७ को दफा ६७२ को उपदफा १,२ बमोजिम दुष्कृतिको कार्य भएकोले निज प्रतिवादीहरुलाई ऐ.उपदफा ३ बमोजिम दुष्कृतिको दायित्व बहन गराई ऐ.ऐनको दफा ६८२ दायित्व बापत क्षतिपुर्ति व्यहोर्न लगाई एवं मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को परिच्छेद २४ को विविध अन्तर्गत दफा २६६ बमोजिम उचित क्षतिपुर्ति निर्धारण गरी साथै विपक्षीहरुलाई उपभोक्ता संरक्षण ऐन,२०७५ को दफा ३ को उपदफा २ को खण्ड (छ) बमोजिम कारबाही गरी उचित क्षतिपुर्ती दिलाई पाउँ भनी ऐ.ऐनको दफा ३ को उपदफा २ को खण्ड (ज) बमोजिम यो फिराद लिई आएको छु ।

(ग) अतः विपक्षी नोबेल मेडिकल कलेजले नियुक्त गरी राखेका प्रतिवादी चिकित्सक कविराज बास्तोला र प्रज्जवल श्रेष्ठले स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा लापरवाही एवं हेलचेक्राई गर्दा म वादीको छोरा जेनिश पाठकको आँखाको रोशनी(दृष्टि) गुमाउन पुगी छोराको सम्पुर्ण जीवननै अन्धकार बन्न गई छोरा शारिरिक एवं मानशिक रुपमा अशक्त हुन गएको हुँदा विपक्षी अन्यायीहरुलाई कानून बमोजिम कारवाही गरी छोराको जीवन भरको शिक्षा,स्वास्थ्य, लालन पालन एवँ रोजगार सम्ममा लाग्ने खर्च मुलुकी देवानी संहिता,२०७४ को दफा ६८२ को उपदफा (४) बमोजिम नगद स्वरुप एकमुष्ठ रु.१०,००,००,०००। (दश करोड) रुपैया

क्षतिपुर्ति बापत  विपक्षीहरुबाट निज छोराको नाउँमा मुद्दती खातामा जम्मा गर्न लगाई उक्त क्षतिपुर्ति बापतको रमक दिलाई भराई पाउँ ।

(२) प्रस्तुत मुद्दा मुलुकी देवानी कार्याविधि संहिता २०७४ दफा ६,१८,१९ नं. बमोजिम यो मुद्दा यसै अदालतको अधिकार क्षेत्र भित्र पर्दछ ।

(३) प्रस्तुत मुद्दा फिराद गर्न मुलुकी देवानी संहिता, २०७४ को भाग ५ को परिच्छेद १७ दुष्कृति (टर्टस्) सम्बन्धि व्यवस्थाको दफा ६८४ र उपभोक्ता संरक्षण ऐन,२०७५ को दफा ५० बमोजिम हदम्याद भित्र रहेको छ ।

(४) मुलुकी देवानी कार्याविधी संहिता २०७४ परिच्छेद ८ म्याद तथा म्याद तामेली सम्बन्धी व्यवस्थाको दफा १०० बमोजिम सम्मानित अदालतबाट म्याद तामेल गर्ने व्यवस्था गरी पाउँ ।

(५) हाल रविन्द्र कुमार भगत, प्र.प.स.१६०९८ लाई कानून व्यवसायी नियुक्त गरेको छु ।

(६) फिराद गर्दा लाग्ने दस्तुर यसै साथ पेश गरेको छु ।

फिराद दस्तुर रु.२००।-

अदालती शुल्क रु.            ।-

(७) फिराद दावी पुष्टीगर्ने प्रमाणः-

(क) मेरो नागरीकताको प्रमाण पत्रको फोटोकपी यसै साथ छ ।

(ख) छोरा जेनिश पाठकको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि यसै साथ पेश गरेको छु ।

(ग) उपचार गराएका अस्पतालका पुर्जाहरु थान ......

(८) साक्षीः-

(क) जिल्ला सुनसरी ईनरुवा न.पा.वडा नं.८ बस्ने अशोक कुमार थापा...........................१

(ख) ऐ.कोशी गा.पा.वडा नं.६ बस्ने सपन खेरवार......................................................१

(ग) ऐ.जिल्ला धरान उपमहानगरपालिका वडा नं.८ बस्ने श्रीकृष्ण प्रसाई.........................१

(घ) ऐ.बस्ने वर्ष...को लक्ष्मण प्रसाई.......................................................................१

(ङ) ऐ.जिल्ला इटहरी उपमहानगरपालिका वडा नं. ५ देवराज अधिकारी............................१

(च) ऐ.जिल्ला बराहक्षेत्र नगरपालिका वडा नं.१ बस्ने जिवन कुमार श्रेष्ठ.........................१

(९) यसमा लेखिएको ब्यहोरा सत्य हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**फिरादकर्ता**

निजः  छोरा जेनिश पाठकको हकमा
अनुमति लिने आमा निर्मला प्रसाई..१

इति सम्बत २०८२ साल पुष      गते रोज      शुभम...............................................